# Accountability Watch Committee (AWC)
# जवाफदेहिता निगरानी समिति

**President**

Sushil Pyakurel

**Members**

Dr. Gauri Shankar Lal Das
Prof. Kapil Shrestha
Mandira Sharma
Kanak Mani Dixit
Subodh Pyakurel
Charan Prasai
Dr. Gopal Krishna Siwakoti
Devi Sunuwar
Hari Phuyal
Durga Sob
Dipendra Jha
Govinda Sharma 'Bandi'
Shobhakar Budhathoki
Birendra Thapaliya
Suman Adhikari

***Secretariat:***
Bhanimandal, lalitpur
Ph/Fax +977 1 5554115/5543230

*Email:*
accountabilitywatch@gmail.com

२३ वैशाख २०६८

## प्रेस विज्ञप्ति

**फौजदारी अभियोगमा आरोपित व्यक्तिलाई मन्त्रिमा नियुक्ति गरिएकोमा विरोध**

एनेकपा माओवादीका नेता अग्नि सापकोटालाई सुचना तथा संचार मन्त्रीमा नियुक्त गरिएकोमा जवाफदेहिता निगरानी समितिको गम्भिर ध्यानाकर्षण भएको छ । सापकोटा विगत द्वन्द्वकालमा काभ्रेपलाञ्चोक जिल्लामा अर्जुन लामाको अपहरण तथा हत्यामा संलग्न रहेको आरोपमा पीडितले प्रहरीमा जाहेरी दिएका थिए । सो जाहेरी दरखास्त दर्ता गर्न प्रहरीले ईन्कार गरे पछि पिडित कि पत्नि पुर्णीमाया लामाले सर्वोच्च अदालतमा न्यायको निम्ति मुद्दा गरे पछि सर्वोच्च अदालतले उक्त जाहेरी दर्ता गरि प्रचलित फौजदारी कानून अनुसार कारवाही चलाउन प्रहरीलाई निर्देशन दिएको थियो ।

मानव अधिकारको गम्भिर उल्लंघनको आरोपमा संलग्न निज सापकोटालाई यसै कारणले विभिन्न मुलुकहरुले  भ्रमणहरुमा समेत रोक लगाएका छन् । सशस्त्र द्वन्द्वको क्रममा भएका यस किसिमका प्रतिनिधी मुलक घटनाहरुमा संग्लन व्यक्तिलाई यसरी मन्त्रिमा नियुक्त गरिनु त्यन्त खेदजनक छ । यो नियुक्तिलले लोकतन्त्रको मुल्य र मान्यता माथि ठाडो चुनौति दिएको छ भने दण्डहिनतालाई समेत संस्थागत गर्ने प्रयत्न भएको प्रमाणित भएको छ ।

अतः जवाफदेहिता निगरानी समिति गम्भिर फौजदारी अभियोग लागेका व्यक्तिलाई मन्त्रिमा नियुक्त गरिएकोमा गम्भिर आपत्ति प्रकट गर्दै सर्वोच्च अदालतको आदेश वमोजिम निज सापकोटा उपर लगाइएका अभियोगहरुको अनुसन्धान गरि पीडितलाई न्याय दिलाउन माग गर्दछ ।

सुशील प्याकुरेल
अध्यक्ष